# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, कार्तिक १४ गते २०४८ साल ( अतिरिक्ताङ्क ४८


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### लोक सेवा आयोगको कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः लोक सवा आयोगको कार्यविधि सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लोक सेवा आयोग (कार्यविधि) ऐन, २०४८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले संविधानको धारा १०१ को उप-धारा (१) बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

(ङ) "निजामती सेवा वा पद" भन्नाले सैनिक अधिकृत वा जवान र प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक श्री ५ को सरकारका अरु सबै सेवा वा पद सम्झनु पर्छ।

(च) निजामती सेवा वा पदका सम्बन्धमा "नियुक्तिको अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम सो सेवा वा पदमा नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ।

(छ) "सजाय दिने अधिकारी" भन्नाले प्रचलित कानून बमोजिम निजामती कर्मचारीलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागीय सजाय दिने अधिकारी सम्झनु पर्छ।

(ञ) "सरकारी सेवा" भन्नाले श्री ५ को सरकारको जुनसुकै प्रकारको सेवा सम्झनु पर्छ।

तर श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्थाको कर्मचारीको सेवा सरकारी सेवा अन्तर्गतको मानिने छैन।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. <u>आयोगको बैठक र निर्णयः</u> (१) संविधान र प्रचलित कानून बमोजिम आयोगले गर्नु पर्ने सबै काम आयोगको बैठकबाट निर्णय भए बमोजिम कार्यान्वयन गरिनेछ।

(२) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) आयोगमा तत्काल बहाल रहेका सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित नभई आयोगको बैठक बस्न सक्ने छैन।

(४) आयोगमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) आयोगको निर्णय आयोगको सचिव वा आयोगले तोकिदिएको अधिकृतले प्रमाणित गर्नेछ।

४. उजूरी गर्न सक्नेः (१) संविधानको धारा १०२ को उप-धारा (५) बमोजिम आयोगद्वारा सुम्पेको अधिकार प्रयोग गर्ने अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैंतीस दिन भित्र आयोगमा वा आयोगले तोकेको अधिकारी समक्ष उजूरी गर्न सक्नेछ।

तर त्यस्तो काम कारबाही उपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम पुनरावेदन गर्नु पर्नेछ।

(२) उप-दफा (१) बमोजिमको उजूरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबूझ गरी उपयुक्त आदेश दिन सक्नेछ।

५. आयोगको परामर्श लिंदा अपनाउनु पर्ने कार्यविधिः (१) संविधानको धारा १०२ को उप-धारा (२) अन्तर्गत निजामती सेवाको नियुक्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्न उम्मेदवारको उपयुक्तताको विषयमा नियुक्तिको अधिकारीले आयोगको परामर्श लिंदा सम्बन्धित सेवा, समूह, उप-समूह उल्लेख गर्नुका साथै पूर्ति गर्नु पर्ने पदको संख्या, निर्धारित कार्य विवरण र न्यूनतम योग्यता समेत खुलाई आयोगद्वारा तोके बमोजिमको माग फाराममा उल्लेख गरी पठाउनु पर्नेछ।

(२) संविधानको धारा १०२ को उप-धारा (३) को खण्ड (क) अन्तर्गत निजामती सेवाका शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिंदा सामान्य प्रशासन मन्त्रालय मार्फत लिनु पर्नेछ। कुनै नयाँ कानून बनाउन वा भैरहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 6914

कानूनमा परिवर्तन गर्नु परेमा तत्सम्बन्धमा पूर्ण विवरण समेत खुलाई पठाउनु पर्नेछ।

(३) संविधानको धारा १०२ को उप-धारा (३) को खण्ड (ख) अन्तर्गत निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिंदा सम्बन्धित सेवा, समूह, उप-समूह संचालन गर्ने सचिवालयमा वा मन्त्रालयले सामान्य प्रशासन मन्त्रालय मार्फत लिनु पर्नेछ।

(४) संविधानको धारा १०२ को उपधारा (३) को खण्ड (ग) अन्तर्गत निजामती पदमा ६ महीना भन्दा बढी अवधिको लागि नियुक्ति गर्न आयोगको परामर्श लिंदा श्री ५ को सरकारको सम्बन्धित मन्त्रालय वा सचिवालयको निर्णय अनुसार आयोगको परामर्श लिनु पर्नेछ।

(५) संविधानको धारा १०२ को उप-धारा (३) को खण्ड (घ) अन्तर्गत कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा र बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा नियुक्तिको अधिकारीले आयोगको परामर्श लिंदा सम्भाव्य उम्मेदवारको नाम, ठेगाना, शैक्षिक योग्यता, अनुभव र नियुक्ति सम्बन्धी अन्य विवरण खुलाई आयोगले तोके बमोजिमको फाराममा उल्लेख गरी पठाउनु पर्नेछ।

(६) संविधानको धारा १०२ को उप-धारा (३) को खण्ड (ङ) अन्तर्गत आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा नियुक्तिको अधिकारीले स्थायी सरुवा वा बढुवा गर्न उम्मेदवारको उपयुक्तताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०१५

विषयमा आयोगको परामर्श लिंदा उप-दफा (५) बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(७) संविधानको धारा १०२ को उप-धारा (३) को खण्ड (च) अन्तर्गत निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा सजाय दिने अधिकारीले आयोगको परामर्श लिंदा प्रचलित कानून बमोजिम गर्नु पर्ने विभागीय कारबाहीको प्रक्रिया पूरा गरी त्यसको आधारमा ठहर हुनु पर्ने विभागीय सजाय समेत खुलाई सम्बन्धित फायलसाथ आयोगमा पठाउनु पर्नेछ।

(८) संविधानको धारा १२४ अनुसार सेवाहरू गठन गर्दा सेवा गठनको उद्देश्य, सेवा अन्तर्गतको समूह, उप-समूह तथा श्रेणी विभाजन, नियुक्ति, बढुवा र सेवाका अन्य शर्तहरू तथा निजामती सेवा अन्तर्गतको विभिन्न सेवासंग राख्नु पर्ने एकरूपता, समन्वय र सामान्जस्यका कुराहरू स्पष्ट पारी आयोगको परामर्श लिनु पर्नेछ।

६. <u>आयोगले परामर्श दिंदा अपनाउनु पर्ने कार्यविधिः</u> (१)दफा ५ को उपदफा (२) बमोजिम आयोगको परामर्श माग भई आएमा निजामती सेवालाई अधिकाधिक निपूर्ण र सुदृढ बनाउन सो सेवाको शर्त सम्बन्धी कानूनमा विभिन्न प्रकारका निजामती सेवाको कामको प्रकृति र अवस्था अनुसार फरक गर्नु पर्ने कुरामा फरक गर्ने र एकरूपता ल्याउनु पर्ने कुरामा एकरूपता ल्याउने व्यवस्था समेतको विचार गरी आयोगले परामर्श दिनेछ।

(२) दफा ५ को उपदफा (३) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 695

निजामती सेवा सम्बन्धमा आयोगबाट निर्धारित सिद्धान्त समेतलाई बिचार गरी परामर्श दिनेछ।

(३) दफा ५ को उपदफा (१), (४), (५) वा (६) बमोजिम आयोगको परामर्श माग भई आएमा निजामती सेवा वा पदको कार्य प्रकृति समेतलाई बिचार गरी आयोगले दफा ७ मा लेखिएको कुनै एक वा एकभन्दा बढी तरिकाद्वारा आवश्यक परीक्षा लिई परामर्श दिनेछ।

(४) दफा ५ को उपदफा (७) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले आवश्यक ठानेमा नियुक्तिको अधिकारीद्वारा अरु थप सबूत प्रमाण समेत बुझी परामर्श दिनेछ।

(५) दफा ५ को उपदफा (८) बमोजिम आयोगको परामर्श माग भई आएमा आयोगले नयाँ गठन गर्नु पर्ने सेवा, समूह, उप-समूहको उद्देश्य, उपयोगिता र महत्वलाई ध्यानमा राखी निजामती सेवालाई अझ सुदृढ र सक्षम बनाउने कुरा समेत बिचार गरी परामर्श दिनेछ।

७. आयोगबाट लिइने परीक्षाको तरिकाः निजामती सेवा वा पद पूर्तिका लागि आयोगबाट लिइने परीक्षा देहायको कुनै एक वा एकभन्दा बढी तरिकाद्वारा हुन सक्नेछः-

(क) खुला प्रतियोगितात्मक लिखित परीक्षा,

(ख) खुला प्रतियोगितात्मक प्रयोगात्मक परीक्षा,

(ग) छनौट,

(घ) अन्तर्वार्ता, र

(ङ) आयोगले तोकेको अन्य तरिकाहरु।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. परीक्षा सम्बन्धी शैक्षिक योग्यता, पाठ्यक्रम आदि बारेको व्यवस्थाः (१) दफा ७ अन्तर्गतको परीक्षा सम्बन्धी शैक्षिक योग्यता र पाठ्यक्रम तोक्ने अधिकार आयोगलाई हुनेछ।

तर यसरी शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारित गर्नु अघि आयोगले सेवा, समूह, उप-समूह सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय वा सचिवालयसंग राय सल्लाह लिनु पर्नेछ।

(२) कुनै उम्मेदवारले कुनै शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता निजामती पदका लागि आयोगबाट तोकिएको वा मान्यता दिइएको योग्यता सरह छ छैन भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार आयोगलाई हुनेछ।

९. अन्तर्वार्ता समितिको गठनः दफा ७ को खण्ड (घ) बमोजिम उम्मेदवारहरूको अन्तर्वार्ता लिनको निमित्त आयोगले समय समयमा अन्तर्वार्ता समिति गठन गर्नेछ र त्यस्तो समितिको अध्यक्षता आयोगले तोकेको व्यक्तिले गर्नेछ।

१०. दक्ष वा विशेषज्ञको मनोनयनः आयोगले यस ऐन अन्तर्गत आफूले गर्नु पर्ने कामको लागि आवश्यक दक्ष वा विशेषज्ञ मनोनयन गर्न सक्नेछ।

११. रिक्त पद पूर्ति गर्ने तरिकाः (१) निजामती सेवाको रिक्त पदको पूर्ति तोकिए बमोजिम नयाँ नियुक्ति वा बढुवाद्वारा गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१८

(२) खुल्ला प्रतियोगितात्मक परीक्षा वा बढुवाद्वारा रिक्त पद पूर्ति गर्दा लिइने दरखास्तको ढाँचा आयोगले तोके बमोजिम हुनेछ।

१२. निरीक्षण गर्न सकिने: (१) श्री ५ को सरकारका बिभिन्न मन्त्रालय, सचिवालय, विभाग र कार्यालय तथा संवैधानिक अङ्गहरूमा नियुक्ति, बढुवा र विभागीय कारवाही प्रचलित कानून तथा आयोगद्वारा तोकिएको कार्यविधि अपनाई गरिएको छ छैन भन्ने कुरामा आयोगले निरीक्षण गर्न गराउन सक्नेछ।

(२) आयोगले सुम्पेको अधिकार बमोजिम नियुक्ति हुने पदमा निर्धारित प्रक्रिया र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति गरिएको देखिन आएमा आयोगले सो नियुक्ति अनियमित नियुक्ति ठहर गर्न सक्नेछ।

(३) निरीक्षण गर्दा आयोगको कार्यविधि प्रतिकूल काम कारबाही भए गरेको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख उपर र आयोगको काम कारबाहीमा आयोगलाई कुनै कर्मचारीले सहयोग नगरेमा त्यस्तो कर्मचारी उपर विभागीय कारबाही गर्नको लागि आयोगले श्री ५ को सरकारमा सिफारिश गर्न सक्नेछ।

१३. परीक्षा वा विज्ञापन रद्द गर्न सक्ने: आयोगको कुनैपनि परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी वा अनियमितता भएमा वा कुनै बाधा अबरोध खडा भई एक वा सबै केन्द्रमा आंशिक वा पूर्ण रूपले परीक्षा सञ्चालन हुन नसकेमा सो दिनको परीक्षा वा सो


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संग सम्बन्धित विज्ञापनको सम्पूर्ण परीक्षा आंशिक वा पूर्ण रूपले आयोगले कारण जनाई रद्द गर्न सक्नेछ।

१४. पुनरावलोकन गर्न सक्ने: (१) आयोगले नयाँ नियुक्ति वा बढुवाको लागि सिफारिश पठाएकोमा सो बमोजिम नियुक्ति पत्र दिनु अगावै कुनै उम्मेदवारको सिफारिश उम्मेदवारले प्रस्तुत गरेको गलत विवरणको कारणबाट फिर्ता लिनु परेमा आयोगले कारण जनाई सिफारिश रद्द गरी योग्यताक्रमको सिफारिशको अर्को सूचना प्रकाशित गर्न सक्नेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले प्रदान गरेको परामर्श मुताबिक कारबाही गर्न बाधा पर्न आएमा त्यसको कारण खोली सम्बन्धित मन्त्रालय वा सचिवालयले पुनः विचारार्थ आयोगमा लेखी पठाएमा आयोगले त्यसमा विचार गर्दा पूर्व परामर्शलाई संशोधन गर्न पर्याप्त आधार भएमा आयोगले तत्सम्बन्धमा संशोधन गर्न सक्नेछ।

१५. गोप्य रहने: आयोगले लिने परीक्षाहरूसंग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहनेछन्।

१६. नियम बनाउने अधिकार: यो ऐन कार्यान्वयन गर्न श्री ५ को सरकारले आयोगको सल्लाह लिई नियम बनाउन सक्नेछ।

१७. वार्षिक प्रतिवेदन: आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा १०२ को उपधारा (७) बमोजिम श्री ५ समक्ष पेश गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1020

१८. न्याय सेवा आयोगलाई प्रतिकूल असर नपर्नेः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुनै कुराले संविधानको धारा ९४ बमोजिमको न्याय सेवा आयोगको कार्यक्षेत्र र कार्यविधि सम्बन्धी विषयमा प्रतिकूल असर पार्ने छैन।

१९. खारेजीः लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० खारेज गरिएकोछ।

लालमोहर सदर मिति :– २०४८।७।१४।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०४८ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "छापाखाना र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) ऐन , २०४८" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७ मा संशोधनः छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछः-

"(१) सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका नेपाल अधिराज्य भित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तूर सहित तोकिएको ढाँचामा स्थानीय अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

तर श्री ५ को सरकारको कार्यालय, श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, श्री ५ को सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, प्रचलित कानून बमोजिम स्थापित संघ संस्था, फर्म, कम्पनी वा कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्र पत्रिकालाई यस दफा बमोजिम दर्ता गराउनु आवश्यक पर्ने छैन।"

(२) उपदफा (६) मा रहेका "कुनै कारणबाट दरखास्तवालालाई स्थायी प्रमाणपत्र दिन नमिल्ने भएमा" भन्ने शब्दहरूको सट्टा "दरखास्तवालालाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा" भन्ने शब्दहरू राखिएकाछन्।

(३) उप-दफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एक भन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा एक जिल्लाबाट प्रकाशित भइरहेको पत्रपत्रिका अन्य जिल्ला वा एक भन्दा बढी जिल्लाबाट प्रकाशित गर्नु पर्ने भएमा उप-दफा (१) बमोजिम स्थानीय अधिकारी समक्ष दरखास्त दिई सो को समेत प्रमाणपत्र लिनु पर्नेछ।"

३. <u>मूल ऐनमा दफा ९क. थपः</u> मूल ऐनको दफा ९ पछि देहायको दफा ९ क. थपिएकोछः-

"९क. <u>पत्रपत्रिकाको आकार र पृष्ठ संख्याः</u> (१) दफा ७ बमोजिम दर्ता भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्या तोकिए बमोजिम हुनेछ।

(२) उप-दफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी गरी प्रकाशित हुने पत्रपत्रिकालाई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन दिइने छैन।"

<u>मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को उप-दफा (१) मा रहेका "तोकिएको अधिकारीबाट" भन्ने शब्दहरूको अगाडि "सोही सूचनामा" भन्ने शब्दहरू थपिएकाछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएकोछः–

२०. प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्थाः (१) कुनै नेपाली वा विदेशी प्रेस वा सञ्चार सम्बन्धी संस्थाले नेपाल अधिराज्य भित्र काम गर्ने आफ्ना प्रतिनिधिहरूको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण तोकिएको अधिकारी समक्ष पठाउनु पर्नेछ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्च स्तरीय प्रतिनिधि मण्डल नेपाल भ्रमणमा आउँदा साथमा आउने पत्रकारहरू वा श्री ५ को सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि उक्त भ्रमणको अवधि भरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी श्री ५ को सरकारले छुट दिन सक्नेछ।

(२) उप-दफा (१) बमोजिमको विवरण पठाउने प्रेस वा सञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरूलाई श्री ५ को सरकारले प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(३) नेपालको राष्ट्रिय चाड पर्व वा विशेष अवसरमा छोटो अवधिको लागि नेपाल भ्रमणमा आउने पत्रकारहरूको लागि श्री ५ को सरकारले अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(४) उप-दफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिश साथ तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी तोकिएको अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ। प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम दरखास्त दिन सक्नेछ।

(५) उप-दफा (४) बमोजिमको दरखास्त प्राप्त भएपछि तोकिएको अधिकारीले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा दरखास्तवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थाई प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थाई प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानूनको अधिनमा रही आफ्नो कार्य क्षेत्र भित्र समाचार संकलन गर्न सक्नेछ।

(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६. मूल ऐनको दफा ३१ मा संशोधनः मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छः-

"३१. प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गरेमा : (१) दफा २० को उपदफा (५) बमोजिम प्रमाणपत्र नपाएको व्यक्तिलाई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाबाट प्रेस प्रतिनिधिलाई दिइने सुविधा, सहायता वा सहुलियत दिइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा २० को उपदफा (१) बमोजिमको विवरण उपलब्ध नगराउने प्रेस वा सञ्चार सम्बन्धी संस्थालाई श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाबाट दिइने सुविधा, सहायता वा सहुलियत दिइने छैन।

(३) दफा २० को उपदफा (५) बमोजिम प्रमाण पत्र पाएको कुनै व्यक्तिले श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाबाट पाएको सुविधा, सहायता वा सहुलियत दुरुपयोग गरेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिको प्रमाणपत्र अवधि तोकी निलम्बन गर्न, फिर्ता लिन वा रद्द गर्न सक्नेछ।

(४) दफा २० को उपदफा (५) बमोजिम प्रमाणपत्र पाएको कुनै विदेशी प्रेस प्रतिनिधिको क्रियाकलाप राष्ट्रिय हित प्रतिकूल छ भन्ने लागेमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र फिर्ता लिन वा रद्द गर्न सक्नेछ।"

७. खारेजीः मूल ऐनको दफा १८ र दफा २५ खारेज गरिएकाछन्।

लालमोहर सदर मिति :– २०४८।७।१४।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
626

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संशोधन) ऐन,२०४८ " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा २ मा संशोधनः जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछः-

"(ग) "पंजिकाधिकारी" भन्नाले दफा ३ बमोजिम नियुक्त भएको वा तोकिएको पंजिकाधिकारी (रजिष्ट्रार) वा स्थानीय पंजिकाधिकारी सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्ः-

"(ख) विवाहको सूचना पति पत्नी दुवैले,

(ग) सम्बन्ध विच्छेदको सूचना पति वा पत्नीले"

४. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० मा रहेका "पंजिकाधिकारी वा" भन्ने शब्दहरू झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ मा रहेका "पंजिकाधिकारीको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "पंजिकाधिकारी कहाँ" भन्ने शब्दहरू र "पंजिकाधिकारीको कार्यालयले" भन्ने शब्दहरूको सट्टा "पंजिकाधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

६. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा (२) को खण्ड (क) मा रहेका "पंजिकाधिकारीको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "स्थानीय पंजिकाधिकारीको कार्यालयमा" भन्ने शब्दहरू राखिएकाछन्।

७. रूपान्तरः मूल ऐनमा प्रयोग भएका "गाउँ पंचायत वा नगर पंचायत","गाउँ वा नगर पंचायत" वा "स्थानीय पंचायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मिति :– २०४८।७।१४।५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग